**माडीगाउँपालिका**

लुम्बिनी प्रदेश, नेपाल

# वार्षिक नीति तथा कार्यक्रम

## आ.व. २०८१/८२

२०८१ असार ९ गते

- ❖ माडी गाउँपालिकाको गाउँसभाको १५ औ अधिवेशनमा उपस्थित उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, पत्रकार तथा सुरक्षाकर्मीहरु, सर्वप्रथम गाउँसभाको यस महत्वपूर्ण अधिवेशनमा यहाँहरु सवैलाई हार्दिक स्वागत तथा धन्यवाद व्यक्त गर्दछु । यस महत्वपूर्ण अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना र समाजमा आमुल परिवर्तनका विभिन्न कालखण्डमा राजनीतिक आन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिदहरुप्रति उच्च सम्मान सहित हार्दिक श्रद्धा सुमन व्यक्त गर्न चाहन्छु ।
- ❖ संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दीगो शान्ति, सुशासन, विकास समृद्धिको आकांक्षा पूरा गर्न नेपालको संविधान बमोजिम स्थानीय तहको दोस्रो निर्वाचन पश्चात दोश्रो कार्यकालका लागि हामी निर्वाचित भएको पनि दुई बर्ष भन्दा बढी व्यतित भइसकेको वर्तमान सन्दर्भमा हामी नयाँ सोच र उर्जाका साथ माडी गाउँपालिकाको गाउँसभाको पन्ध्रौ अधिवेशनको शुभारम्भमा आईपुग्दा यस नीति तथा कार्यक्रम संघीयताको कार्यान्वयन संगै सिंहदरबारको अधिकार जनताको बीचमा पुर्याउन कोशेढुङ्गा सावित हुने अपेक्षा गरिएको छ।
- ❖ सार्वभौमसत्ता जनतामा निहित भएको वर्तमान अवस्थामा माडी गाउँपालिकाको जनताका भावना र अवश्यकताको पहिचान गर्न विकासका सम्पूर्ण क्रियाकलापमा जनतालाइ केन्द्रविन्दुमा राखी सहभागितामूलक विकास पद्धति अवलम्बन गर्दै सम्वृद्ध माडी निर्माणको जग स्थापना गर्न माडीवासीको जीवनस्तर माथि उठाउन र जनताको चाहनालाइ सार्थक तुल्याउन २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु ।
- ❖ नेपालको संविधान बमोजिम शासन प्रणालीको नयाँ शासकीय संरचनाका रुपमा स्थानीय सरकारको स्थापनाको पहिलो कार्यकालमा यस गाउँपालिकाले विभिन्न नीतिगत, कानूनी, संरचनागत तथा व्यवस्थापकीय पक्षमा सुधार गरी कार्य सम्पादन गर्दै विकास शासन र सेवा प्रवाहका क्रियाकलापहरुलाई तिव्रताका साथ अगाडी बढाउन सफल भएको विषय स्मरण गराउदै यो कार्यकालमा विकास, सुशासन, समाजिक न्याय र समृद्धिमा योगदान पुर्याउने कार्यक्रममा जोड दिनईने कुरा यहाँहरु समक्ष राख्न चाहन्छु ।
- ❖ पछिल्लो समयमा खासगरी विश्व अर्थतन्त्रमा आएको उतारचढावले गर्दा नेपालको अर्थतन्त्रपनि त्यसबाट प्रभावित भएको कारण संघ र प्रदेशबाट प्राप्त हुने अनुदानको सीमा समेत घटेर आएको वर्तमान परिप्रेक्षमा सीमित स्रोतबाट नागरिकका अधिकतम आवश्यकता पूरा गर्नुपर्ने चुनौती हामीमाझ रहेको छ ।
- ❖ नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, नेपाल सरकार तथा लुम्बिनी प्रदेश सरकारले तर्जुमा गरेका नीति तथा कार्यक्रम र बजेट, दीगो विकास लक्ष्य, गाउँपालिकाको प्रथम आवधिक योजना २०७६/७७-२०८०/८१, तथा गाउँपालिकाले तर्जुमा गरी कार्यान्वयनमा ल्याएका कानूनी प्रावधान आदि पक्षलाई समेत ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याईएको छ ।
- ❖ चालु आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमहरु तथा सभाबाट पारित भएका योजनाहरु ठेक्का लागेका र केही हिँउदे अभिवेशनबाट संशोधन गरिएका योजनाहरु भुक्तानी लिन बाँकी र कार्यसम्पन्न गर्न बाँकी रहेतापनि निर्धारित समय भित्र सम्पूर्ण योजना सम्पन्न हुने नै छन् । नेपालको विकास प्रणाली असारे विकास गर्नु यो महारोग हामीमा पनि रही आएको छ । यद्यपि यस्ता ढिला सुस्ती नगरी छिटो जनतालाई विकास दिने प्रयत्न भने नभएको होइन । योजना संचालनका लागि समय, सिजन र कार्यालयबाट हुनुपर्ने सबै स्वास्थ्य, शिक्षा, कृषि र खानेपानी तथा भौतिक पूर्वाधारको क्षेत्रमा उल्लेखनीय काम भएका छन् ।
- ❖ **कृषि, पशुपंक्षी, जडीबुटी र दिगो पूर्वाधार, समृद्ध माडीको आधार** मूल सोच र **आगामी ५ वर्षमा लुम्बिनी प्रदेशकै नमूना गाउँपालिकाको रुपमा स्थापित गर्न कृषि र पशुपंक्षीको व्यवसायिक उत्पादन गरी समृद्ध माडीको आधार तयार** गर्ने लक्ष्यका साथ विभिन्न नीतिहरु अवलम्बन गर्दै शुरु भएको माडी गाउँपालिकाको विकासको यात्रालाइ समीक्षा गर्दा सफलता प्राप्त भएको अनुभूति गरेका छौ । गत आर्थिक वर्षमा लिइएका नीतिहरुको देहाय बमोजिम समीक्षा गरिएको छ ।

१. गाउँपालिकाको प्रत्येक वडामा सडक सुविधा पुर्याउने नीतिलाइ कार्यान्वयन गरिएको र त्यस्ता सडकलाइ स्तरोन्नती गर्दै लैजाने नीति अनुरुप गाउँपालिका र विभिन्न वडाहरु जोड्ने मोटरबाटाहरु सतरोन्नती गरिएको साथै घर्तीगाउँ घुम्तीदेखि जगरबोट- पेदिखोला झिनुवा त्रिवेणी जोड्ने मो.वा को करीव १४०० मिटर पिच र पेदिखोला मोटरेबल पुल निर्माण गरिएको।

२. कृषि र पशु विकास क्षेत्रलाई आधुनिक प्रविधिमैत्री, व्यवसायिक तथा रोजगारमूलक बनाई यस क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने नीति बमोजिम हेफर ईन्टरनेशनल प्रोजेक्टसंगको साझेदारीमा विभिन्न आयमूलक एवं उत्पादनमूलक कार्यक्रम सञ्चालन गरिएको छ ।

३. शिक्षालाई स्थानीय आवश्यकता, मौलिकता र विशिष्टता अनुकूल बनाउन आधारभूत तह कक्षा १-८ को पाठ्यक्रम तथा सो अनुरुप कक्षा १ को पाठ्यपुस्तक निर्माण गरिएको।साथै विद्यालय शिक्षाको शैक्षिक गुणस्तरमा प्रमुख भूमिकामा रहने अभिभावक र शिक्षकहरुको क्षमता अभिवृद्धिका लागि शिक्षकहरुलाई सूचना प्रविधि सम्बन्धी तालिम एवं शिक्षक अभिभावक अभिमुखिकरण तालिम सञ्चालन गरिएको छ।

४. विकास निर्माणमा जनताको सहभगिता गुणस्तरीय र दिगो विकासको कल्पना गरी सहभागितामूलक योजना तर्जुमा, कार्यान्वयन अनुगमन तथा मूल्यांकन पद्धति अवलम्बन गरी जनस्वामित्व र अपनत्व अभिवृद्धि गर्ने प्रयास भएको छ ।

५. नेपाल सरकारबाट घोषणा गरिएका अभियानलाइ माडी गाउँपालिकाले आफ्नै अभियानको रुपमा सञ्चालन गरी पूर्ण खोप सुनिश्चितता तथा दीगोपना टोल/वडा, पूर्ण सरसफाई उन्मुख टोल/वडा घोषणा जस्ता अभियानलाइ प्राथमिकता दिइएको छ।

६. सम्पूर्ण वडाका दुर्गम, अपायक टोलवस्ति तथा स्वास्थ्य सेवाको पहुँच र उपभोक कम भएका क्षेत्रमा महिला स्वास्थ्य स्वंसेविका, स्वास्थ्यकर्मी लगाएतको सहभागितामा स्वास्थ्य परामर्श, घुम्ति शिविर सञ्चालन री महामारीजन्य सरुवा तथा नसर्ने दीर्घरोगहरुको स्क्रिनिङ समेत गरिएको छ

।साथै नागरिकका दृष्टि सम्बन्धि विविध समस्याहरुलाइ मध्यनजर गरी विभिन्न शिविरबाट छनौट भएका आँखाका विरामीहरुलाइ घर्तीगाउँ स्वास्थ्य चौकीमा विशेषज्ञ डाक्टर सहितको आँखा शिविर तथा अन्य विशेषज्ञ शिविरहरु सञ्चालन गरिएको छ ।

७. स्वास्थ्यका लागि खेलकुद,राष्ट्रका लागि खेलकुद भन्ने मुल मन्त्रलाई आत्मसाथ गर्दै गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताबाट छनौट भएका खेलाडीहरु विभिन्न विद्यामा जिल्ला तथा प्रदेश स्तरमा प्रतिस्पर्धा गरी पालिकाको नाम उचो बनाएको अवस्था छ ।

८. करका दर र दायरा तथा नयाँ क्षेत्रको पहिचान र विकास गर्दै गाउँपालिकालाइ आन्तिरक आयमा सबल बनाउँदै लैजान पहलकदमी लिइएको छ ।

९. बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत कुपोषणमा परेका सुनौला हजार दिनका आमा तथा शिशु हरुलाइ पोषण कार्यक्रम सञ्चालन गरिएको छ ।

१०. मालपोतमा हुने जग्गा व्यवस्थापन सम्वन्धि लिखत कार्यलाइ सहज र सरल बनाउन आवश्यक जनशक्ति सहितको भू -सेवाको कार्यलाई निरन्तरता दिईएको छ।

११. वैदेशिक रोजगारीका लागि सबै प्रकारका श्रम स्वीकृतिको आवेदन स्थानीय तहबाट भर्न सकिने नेपाल सरकारको नीतिगत व्यवस्था भए अनुरुप पालिकाको रोजगार सेवा केन्द्रबाट श्रम स्वीकृति दिने कार्य प्रभावकारी रुपमा लागु गरिएको ।

१२. स्थानीय श्रम, सीप, पुँजी र प्रविधिको उपयोग गरी स्थानीय स्तरमै उद्यमशील संस्कारको विकास गर्दै नागरिकलाई स्वरोजगार एवं आत्मनिर्भर बनाइ गरिवी निवारण गर्न गरिबी निवारणका लागि लघु उद्यम विकासका विभिन्न कार्यक्रम सञ्चालन गरिएका छन् ।

१३. जनतालाई प्रवाह गरिने सेवा तथा सुविधालाई छिटो छरितो, प्रभावकारी एवं प्रविधिमैत्री बनाइ एकद्वार सेवा प्रवाहको अवधारणालाई कार्यान्वयन गर्न गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

१४. जनताको सूचनाको हक तथा पारदर्शिताको प्रवर्द्धन गर्दै सुशासनको अवधारणालाई सुदृढ गर्दै लैजाने प्रयास गरिएको छ ।यसका लागि स्थानीय रेडियो मार्फत निर्णय सार्वजनिकीकरण तथा सार्वजनिक सुनुवाइलाई माध्यम बनाइएको छ। योजनाहरुमा सार्वजनिक परीक्षणलाई प्रभावकारी बनाउने प्रयास गरिएको छ ।

१५. पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन गर्न पुल्वाङ्ग धुरी युद्ध पर्यटन क्षेत्रलाइ वैधानिक बनाइ डि.पि.आर. अनुसार प्रारम्भिक संरचनाहरु निर्माण गरिएको छ ।

१६. गाउँपालिकाका वस्ति स्तरबाट गरिने योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन अनुगमन तथा मूल्यांकन कार्यलाई सहभागितामूलक एवं प्रभावकारी बनाउन वडाहरुमा टोल विकास संस्था परिचालन मार्फत उल्लेखित कार्यहरु गरिदै आएको छ ।

१७. नेत्रहिन र अपाङ्ग विद्यार्थीहरुलाई लक्षित गरी समावेशीकरणको नीति अनुरुप सिकाई कार्यमा सहजीकरण गरिएको छ ।

१८. राष्ट्रिय स्तरका ठूला आयोजनाहरु जस्तै शहिदमार्ग मदन भण्डारी राजमार्गहरुको स्तरोन्ती तथा कालोपत्रेका लागि प्रदेश तथा संघ सरकारसंग समन्वय गरी निर्माण कार्य अगाडी बढाउन पहल गरिएको छ ।

१९. पछिल्ला २ वर्षमा कृषि तथा पशुपालन क्षेत्रमा उल्लेख्य प्रगति भई फलफुल तरकारी र पशुपंक्षीको निर्यात बढेर गएको छ ।

- ❖ उल्लखित उपलब्धिहरुलाई आत्मसाथ र संस्थागत गर्दै नेपाल सरकार र प्रदेश सरकारका नीति तथा कार्यक्रमसंग तादाम्यता हुने गरी र पालिकाको आवश्यकता र प्राथमिकतालाई आधार मानेर कृषि र पशु क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि, पूर्वाधार निर्माण, रोजगारी सिर्जना, दीगो विकास, साझेदारी विकास, पर्यावरणीय सन्तुलन र सुशासनलाई प्राथमिकतामा राखी नीति तथा कार्यक्रम र बजेटका प्राथमिकता निर्धारण गरिएको छ ।
- ❖ आन्तरिक र बाह्य बसाईसराई तथा वैदेशिक रोजगारीका कारण नेपालका गाउँहरु सक्रिय जनशक्ति विहिन हुन पुगेको र उब्जाउँ खेतबारी बाँझो हुन पुगेका छन । यस सन्दर्भमा युवालाई देशभित्रै रोजगारीका अवसर सृजना गर्ने र गाउँघरको बसाईलाई आकर्षक वनाउने चुनौती हमी सवैको साझा मुद्दा हुन पुगेको छ ।
- ❖ संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भई एकल र साझा अधिकारका विभिन्न क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु, सबै वडाहरुमा सडकको पहुँच हुनु, सडक निर्माणमा भएको लगानी संगै कृषिजन्य उत्पादनलाई बजार सम्मको पहुँच स्थापित हुनु, बजार क्षेत्रका घरहरुको अभिलेखीकरणको सुरुवात गरिनु, वित्ती सुशासन कायम राख्न प्रयत्न गरिनु, कर्मचारी र जनप्रतिनिधिहरुको सरकार सञ्चालन तथा व्यवस्थापकीय क्षमताको वृद्धि हुँदै जानु, सूचना प्रविधिमा पहुँच भई सूचना प्रणालीको प्रयोगमा बढोत्तरी हुनु र नागरिकहरु पनि यसप्रति सजक हुनु आदि विषयहरुलाई हमीले अवसरका रुपमा लिएका छौ ।
- ❖ व्यवसायीक, रोजगारमूलक, सीपमूलक शिक्षाको विकास गर्नु, गुणस्तरी विउविजन र उपकरण समयमा नै उपलब्ध गराउनु, युवा जनशक्तिलाई कृषि व्यवसायमा आकर्षित गराउन नसक्नु, वातावरणीय परीक्षण, सडक गरुयोजना, डिजाईन तथा ड्रईङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु, व्यवस्थित वस्ती विकास गर्नु र व्यवस्थित जलवायु उत्थानशिल योजना तर्जुमा गरी लागू गर्नु लगायतका विषयहरु चुनौतीका रुपमा रहेका छन् ।
- ❖ उल्लेखित परिदृष्य एवं पृष्ठभूमिमा आधारित भएर आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तय गरी बार्षिक लक्ष्य निर्धारण गर्ने दिशामा प्रस्तुत नीति तथा कार्यक्रम उन्मुख रहेको छ ।

**सभाका सदस्यज्यूहरु,**

**अब म माडी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८१/८२ मा विषयक्षेत्रगत रुपमा अवलम्बन गरिने नीति तथा कार्यक्रमहरु यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु ।**

**सामाजिक विकास तर्फः**

**स्वास्थ्य क्षेत्र :**

१. स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक औषधी उपकरण तथा स्वास्थ्य सामग्रीहरुको उपलब्धतामा शुन्यमौज्दात (Stock Out) हुन नदिन आवश्यक वजेट विनियोजन गरी खरिद तथा आपूर्ति व्यवस्थालाई सहज बनाइनेछ ।

२. सेवाग्राहीहरुको चापलाई मध्यनजर गर्दै आवश्यकता र औचित्यताको आधारमा स्वास्थ्यका हाल कार्यरत (मौजुदा) जनशक्तिलाई आवश्यकतानुसार परिचालन तथा खटनपटन गर्ने नीति अवलम्वन गरिनेछ ।

३. महामारी तथा मनसुनजन्य विपदलाई मध्यनजर गरी उक्त विपद्लाई रोकथाम तथा व्यवस्थापन गर्न वडा स्तरीय विपद ब्यबस्थापन समिति तथा विपद् प्रतिकार्य समिति (RRT) लाई सक्रिय बनाई परिचालन गर्न पहल गरिनेछ ।

४. नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोके बमोजमका निशुल्क औषधीहरु बर्षैभरी अभाव हुन नदिने व्यवस्था मिलाईने छ।

५. वर्थिङ्ग सेन्टरहरुमा गुणस्तरयुक्त डेलिभरी वेड अन्य उपकरणहरु खरिद गर्ने व्यवस्था मिलाइनेछ।

६. पूर्ण संस्थागत सुत्केरीयुक्त (शून्य होम डेलिभरी) पालिका बनाउनको लागि क्रमश वडा देखि पालिकासम्म अभिमुखीकरण सहितको बिशेष कार्यक्रम प्याकेज संचालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

७. घर्तिगाउँ स्वास्थ्य चौकीमा संभव भए सम्म नियमित MBBS डाक्टरको व्यवस्था गरिने छ ।

८. रोग निदानलाई प्रभाबकारी बनाउन प्रत्येक वडा स्थरमा ल्याब सेवा बिस्तार गरिने छ ।

९. पूर्णखोपयुक्त पालिका कार्यक्रमलाई निरन्तरता दिनका लागि आबस्यक बजेट ब्यबस्था गरिनेछ।

१०. बिद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई अझ प्रभाबकारी बनाइनेछ।

११. उपचारात्मक र स्वास्थ्य प्रबर्द्धनात्मक कार्यक्रमलाई बिशेष जोड दिदै प्रभाबकारी रुपमा संचालन गर्ने नीति अबलम्बन गरिनेछ।

१२. बालबालिकाहरुको गम्भीर कुपोषण स्थिति समयमानै पत्ता लगाई ब्यबस्थापन गर्न समुदाय स्तरमा लक्षित वर्गहरु समक्ष पोषण सम्बन्धि सचेतना मुलक कार्यक्रम संचालन गरिने छ ।

१३. स्वास्थ्य सस्था संचालन तथा ब्यबस्थापन समितिलाइ थप जिम्मेवार बनाउन जन स्वास्थ्य सेवा र स्वास्थ्य सेवामा स्थानीय सरकारको भूमिका तथा जिम्मेवारीको बारेमा तालिमको ब्यबस्था गरिने छ ।

१४. औजार तथा उपकरण जिर्ण भएका स्वास्थ्य संस्थाहरुको लागि नया औजार उपकरणको ब्यबस्था गरिने छ ।

१५. राष्ट्रिय स्वास्थ्य नीति २०७६ र दिगो बिकास लक्ष सन् २०३० को मर्म अनुरुप स्वास्थ्यका कार्यक्रमहरु लाई निरन्तरता दिइनेछ।

१६. विद्यालय, सरकारी कार्यालय तथा अन्य सार्वजनिक स्थलहरुमा धुम्रपान तथा मद्यपान निषेध गर्न आवश्यक पहल गरिनुका साथै लागु औषध सेवनलाई नियन्त्रण गर्न नागरिक समाज, प्रशासन र सरोकारवालासंग सहकार्य गरी कडाईका साथ प्रतिवन्ध गरिने छ ।

**आयुर्वेदतर्फः**

१. नेपालको मौलिक चिकित्साको रुपमा रहेको आयुर्वेद तथा वैकल्पिक चिकित्सालाई अझ व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

२. मेरो स्वास्थ्य मेरो जिम्मेवारी लाई अघि बढाउ र निरोगी नेपाल अभियान भन्ने कुरालाई बोध गराई स्वस्थ आहार व्यवहारको माध्यमबाट स्वस्थ जीवनशैली अपनाउन प्रेरित गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

३. यस गाउँपालिकामा पाइने औषधी गुणयुक्त जडीवुटीहरुको पहिचान, उपयोगिता र प्रयोग गर्ने विधिको बारेमा जानकारी आदानप्रदान गर्ने कार्यलाई प्रभावकारी बनाईने छ ।

४. स्थानीयस्तरमा रहेका धाँमी, झाक्री,वैद्य तथा जडीवुटी सम्बन्धि ज्ञाताहरुलाई सचेतनामूलक कार्यकम संचालनलाई निरन्तरता प्रदान गरिनेछ ।

५. ज्येष्ठ नागरिक हरुको स्वास्थ्य संरक्षण र प्रवर्द्धन सेवा संचालन गर्न शक्तिबर्धक तथा प्राङ्गारीक औषधीहरुको व्यवस्था मिलाइनेछ ।

६. रोगप्रतिरोधात्मक औषधीहरुको व्यवस्थापन गरी शरीरमा विषाणु तथा जीवाणुको संक्रमणलाई न्यूनीकरण गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

७. विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रमद्वारा विद्यार्थीमा जनचेतना अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

८. आयुर्वेद सेवाको महत्वका बारेमा वडा स्तरमा नै सचेतना कार्यक्रम गरिने छ ।सोका लागि वडा तथा टोल छनौट गरी आयुर्वेद शिविर सञ्चालन गरिने छ ।

**शिक्षा युवा तथा खेलकुदः**

१. माडी गाउँपालिकाको समग्र शैक्षिक अवस्थालाई प्रतिविम्वित गर्ने शिक्षा पार्श्वचित्र (Educational Profile) र गाउँपालिकाको शिक्षा क्षेत्रको योजनालाई आध्यावधिक गर्दै लगिने छ ।साथै दिगो तथा समावेशी शिक्षा योजना लाई संभाव्यता अध्ययन अनुसार कार्यान्वयन गर्दै लगिने छ ।

२. प्रारम्भिक बालबिकास केन्द्रहरुमा आधारभूत शैक्षिक सामग्रीको व्यवस्था गरिने छ । विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगलाई बढाउदै लगिने छ ।

३. आगामी आ.व.मा मेरो विद्यालयमा गरिएको एक उत्कृष्ट कार्य अभियानलाई निरन्तरता दिईने छ ।

४. विभिन्न विद्यागत खेलकुदहरुलाई प्रवर्द्धन गर्न कार्यक्रमको आयोजना गरी उत्कृष्टलाई सम्मान तथा पुरस्कार दिइने छ ।

५. आधारभूत तह कक्षा १-८ सम्म सथानीय पाठ्यक्रम निर्माण भईसकेको अवस्थामा विद्यार्थिका लागि निशुल्क पाठ्यपुस्तक तथा सामाग्री छपाई गरी उपलब्ध गराईने छ ।

६. प्राविधिक धार सञ्चालन भएका विद्यालयका कक्षा ९-१२ का विद्यार्थीलाई क्रमशः उद्यमशील र स्वरोजगार उन्मुख गराईने छ ।

७. प्रधानाध्यापक र विषयगत शिक्षकहरुलाई शैक्षिक गुणस्तर वृद्धि गर्न नवीनतम चिन्तन जगाउने पेशागत क्षमता विकास तालिम सञ्चालन गरिने छ ।

८. विद्यालय शिक्षालाई निरीक्षण, सुपरीवेक्षण, अनुगमन तथा मूल्यांकन गर्न स्थानीय स्तरबाट शिक्षा समिति, विषय वज्ञ, प्रधाना ध्यापक र स्रोत शिक्षकको व्यवस्था गरी नियमित अनुगमन, निरीक्षण गरी शैक्षिक गुणस्तर मापन गरिने छ ।

९. विद्यालयहरुमा बालउद्यान पार्क निर्माण गर्ने व्यवस्था लाई निरन्तरता दिईने छ ।

१०. गाउँपालिका भित्रै उच्च शिक्षा हासिल गर्न क्याम्पस स्थापना गर्न पहल गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

११. समुदायद्धारा आर्थिक भार वहन हुनेगरी विद्यालयमा निजी स्रोत शिक्षकको व्यवस्थापन गर्ने प्रकृयाको अन्त्य गरिने छ ।

१२. विद्यालयले विद्यार्थी एवम् अभिभावकहरुबाट लिने सवै प्रकारका शुल्कहरुको (भर्ना शुल्क र परिक्षा शुल्क ) आदीको अन्त्य गर्दै लगिने छ ।

१३. शिक्षासंग सम्बन्धित विभिन्न दिवस सभा समारोहहरुमा शिक्षा तथा विद्यालय शिक्षामा योगदान गर्ने व्यक्तित्व एवम् शिक्षकहरुलाई सम्मानित र पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

१४. विद्यार्थी संख्या न्यून भएका विद्यालयहरुको कानून बमोजिम मिलान/ मर्ज गर्ने कार्यलाई निरन्तरता दिईने छ ।साथै विद्यालयमा जाने दिवा खाजा कार्यक्रमलाई सरोकारवालहरु संगको छलफलमा व्यवस्थित एवं पारदर्शी बनाइने छ ।

१५. मा.वि. स्कुलहरुमा खेलकुद शिक्षकको व्यवस्था क्रमागत रुपमा गरिने छ ।

१६. अन्तर पालिका खेलकुद प्रतियोगिता जस्तै- रनिङ सिल्ड, अध्यक्ष कपहरु जस्ता प्रतियोगितात्मक खेलहरु सञ्चालन गरी खेलकुद क्लवहरुसंग समन्वय र सहयोग गरिने छ ।

१७. प्रदेश तथा राष्ट्रिय खेल प्रतियोगिताहरुबाट उत्कृष्ट भएका खेलाडीहरुलाई पालिकाले सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने छ ।

१८. प्रत्येक विद्यालयमा WiFi जडान गरी विद्यालय र पालिकाबीचका कागजी गतिविधिहरु Online गरिने छ र विद्युतीय हाजिरी उपकरणलाई व्यवस्थित गरी पालिकाले नियमित नियमन गर्ने व्यवस्थालाई प्रभावकारी बनाईने छ ।

१९. एक विद्यालय चार कुरा (खेलमैदान, बगैंचा, पुस्तकालय र प्रयोगशाला ) को नीतिलाई निरन्तरता दिईने छ ।

२०. HEMS ( Health and physical Education, English, Mathematics and Science ) Education Program for 5 years निर्माण गरी कार्यान्वयनमा लगिने छ ।

२१. प्रत्येक विद्यालयबाट एक शिक्षकलाई Basic Computer ज्ञानको लागि तालिमको कार्यलाई निरन्तरता दिईने छ ।

२२. मा.वि. विद्यालयहरुमा सी.सी. क्यामराको निगरानीमा पठनपाठन गर्ने व्यवस्था क्रमशः लागु गर्दै लगिने छ ।

२३. संस्कृति सभ्यता हाम्रा जीवन पद्दती हुन् । सहज जीवन पद्दती सञ्चालनको लागि यस्ता सँस्कृतिको संरक्षणका लागि **हाम्रो माडी हाम्रो सँस्कृति** मूलमन्त्र तय गरी विषेश जोड दिईनेछ ।

**आर्थिक विकास तर्फ :**

**कृषि तथा पशु विकासः**

१. कृषि तथा पशु पालन क्षेत्रको विकास र प्रवर्द्धन गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न र यस क्षेत्रमा निजी तथा अन्य गैरसरकारी लगानी लाई प्रोत्साहन गर्न साझेदारीको नीतिलाई निरन्तरता दिईनेछ ।

२. गाउँपालिकाको मुख्य आयस्रोत कृषि, फलफूल, जडीवुटी, कच्चा पदार्थ संकलन तथा निकासी जस्तामा आत्मनिर्भर भएकोले उत्पादनमुलक पकेट क्षेत्रहरुको आधुनिकीकरण, व्यवसायीकरण विकास तथा प्रवर्द्धनको नीतिलाई निरन्तरता दिई राजस्वको दायरा बढाइनेछ ।

३. कृषि प्रणालीको प्रवर्द्धन, यान्त्रीकीकरण, व्यवसायीकरण तथा बजारीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गरिने छ ।खाद्य सम्प्रभुताको मान्यता अनुरुप जलवायु र माटो अनुकुलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरिनुका साथै आर्थिक तथा सामाजिक रुपले पछि परेका वर्गहरुको वास्तविकता पहिचान गरी विभिन्न क्षेत्रमा अनुदानको व्यवस्था गरिनेछ ।

४. गाउँपालिका भित्र रहेका साना जलविद्युत तथा संचार माध्यम एवं उद्योग व्यवसायहरुलाई पालिकाको स्वामित्वमा लिन कानुनी परामर्श गरी करको दायरामा लिई राजश्व संकलनलाई थप व्यवस्थित बनाउन कानून एवं कार्यविधि बनाई लागु गरीने छ ।

५. बैंक तथा वित्तिय संस्थाहरुले किसानलाई ऋण प्रवाह गर्दा अनिवार्य वडापालिकको सिफारीसमा मात्रै लगानी गर्ने व्यवस्था मिलाईने छ ।

६. नेपाल सरकार र अन्य सरकारी निकायबाट प्रदान गरिने अनुदान एवं सेवा सुविधा गैरकृषकहरुले पाउन सक्ने समस्याको निराकरण गर्न र वास्तविक किसानलाई प्रदान गर्ने अवस्था सुनिश्चित गर्न किसानहरुको एकिकृत विवरण समाहित भएको पहिचान खुल्ने परिचयपत्रका लागि आवश्यक विवरण संकलन गरी राष्ट्रिय प्रणालीमा प्रविष्ट गरिसकेकोले आगामी आ.व मा कृषक परिचयपत्र वितरणका लागि आवश्यक पहल गरिने छ ।

७. गाउँपालिकाका कृषकहरुको कृषि र पशु पालनलाई व्यवसायिक बनाउन तथा कृषि खेती र पशुपालनका क्रममा हुनसक्ने संभावित जोखिमलाई दृष्टिगत गरी ६०-४० को अनुपातमा कृषकहरुको बाली र पशु बीमा गरिनेछ ।

८. परम्परागत कृषि ज्ञान, सीप र प्रविधिको संरक्षण र प्रवर्द्धन गर्दै रैथाने बाली तथा स्थानीय पशुपंक्षीहरुको उत्पादनमा विशेष जोड दिईने छ ।विउ वितरण कार्यक्रम, वेमौसमी तरकारी खेती कार्यक्रम, मसलाबाली कार्यक्रम र कृषिमा यन्त्रिकरण गरी कृषक र विपन्न परिवारलको जीवनस्तरमा सुधार गरिने कार्यक्रम संचालन गरिने छ ।साथै आगामी आ.वमा कृषि स्मार्ट भिलेज प्रोफाईल तयार गरी लागू गरिने छ ।

९. निजी तथा सहकारी संस्थाहरुको सहकार्य र समन्वयमा खाद्यान्न, तरकारी, फलफुल, दुध, मासुको बजार संरचना, प्रशोधन विविधिकरण एवं पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिने छ ।

१०. कृषकहरुमा प्राविधिक सेवाको पहुँच पुर्याउन तथा पशुपंक्षीका संक्रामक रोगहरुको निदान, पहिचान र गुणस्तरीय पशु स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि प्रत्येक वडाहरुमा प्राविधिक जनशक्ति परिचालन गरी प्रभावकारी सेवा विस्तार गरिने छ ।

११. पुशस्वास्थ्य घुम्ति शिविर, पशु आहार सुधार कार्यक्रम तथा पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रमहरु सञ्चालन गरी पशुपालक समूहको आर्थिक स्थितिमा सुधार ल्याईने छ ।

१२. पशु पालनमा उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न प्रतिफलमा आधारित कृषकलाई प्रोत्साहन अनुदानको व्यवस्था गरिने छ ।पशु स्वास्थ्यलाई सुधार गर्न गाउँपालिका तथा वडाहरुबाट औषधि तथा प्राविधिक सेवा उपलब्ध गराईने छ ।

१३. व्यक्ति ,फर्म , समुह तथा सहकारीहरुले अनुदान प्राप्त गरे वमोजिम उद्देश्य , लक्ष्य ,प्रतिफल कति उपलब्ध भयो मापन गर्ने तथा अनुदानको द्रुपयोग भएको देखिएमा निगरानी तथा नियमन गरिने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

१४. कृषि उपजहरुलाइ भण्डारण गर्न कोल्ड स्टोर निर्माणका लागि आवश्यक पहल गरिने छ ।कृषि तथा पशुपंक्षीक सम्बन्धि हाटबजार निर्माणका लागि आवश्यक स्थानको पहिचान गरी छिट्टै सञ्चालन गर्ने व्यवस्था गरिने छ ।

१५. किसानसंग गाउँसरकार कार्यक्रम र हेफर प्रोजेक्टसंगको साझेदारीमा कृषि तथा पशु वस्तुहरुको उत्पादन वृद्धि गरी गाउँपालिका क्षेत्रमा रोजगारमूलक, उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकासको लागि गत आ.व देखि नै बहुवर्षिय रुपमा माडी गाउँपालिका क्षेत्रमा कृषि तथा पशु विकासमा आधारित परियोजना सञ्चालन गरिएकोमा उक्त कार्यक्रमलाई आगामी आ.व मा निरन्तरता दिईने छ ।हेफर प्रोजेक्ट नेपालसंगको साझेदारी मार्फत कृषि तथ पशु वस्तुहरुको उत्पादन वृद्धि, बजारीकरण र वैंक तथा वित्तीय संस्थाहरुमा कृषकहरुको पहुँच अभिवृद्धि गरिने छ ।

१६. उत्पादनका आधारमा गाउँपालिकाबाट प्रदान गरिने अनुदान प्रणालीको ढाँचालाई आधुनिक, वैज्ञानिक र वस्तुनिष्ट बनाईने छ ।

१७. एक वडा एक कृषि पाठशाला संचालनको व्यवस्था गरिने र **एक घर एक करेसावारीको** नीति लिईने छ ।

१८. कृषियोग्य जमीनलाई सिंचाई कुलो नहर लिफ्टिङबाट सिंचाईको व्यवस्था मिलाइने छ ।

१९. आगामी २ बर्ष भित्र कृषि र पशु क्षेत्रबाट कम्तिमा २००/२०० जनालाई स्वरोजगार हुने व्यवस्था मिलाइने छ ।

२०. एक गाउँ एक कृषि उत्पादनको अवधारणा ल्याइने छ ।कृषि समुह र पशुपालन समुहरुलाई एकिकृत गरी कृषि तथा पशुपालन पकेट क्षेत्र घोषणा गर्दै थप व्यवस्थित गरीने छ ।

२१. एक वडा एक कृषि प्राविधिकको व्यवस्था गरिने छ ।साथै भूगोल अनुसार कृषि खेतीमा विविधिकरण गर्नका लागि माटो सुहाउदो खेतीलाइ बढावा दिइने छ । यसका लागि विज्ञद्वारा माटो परीक्षण गरी खेतीका लागि सिफारिस गरिनेछ ।

**भौतिक पूर्वाधार तर्फ :**

१. गाउँपालिकाका गौरवका योजनाहरु र निर्माणाधीन क्रमागत योजनाहरुको कार्यान्वयनलाई प्राथमिकता दिईने छ ।

२. ठेक्का लागेर सम्झौतामा तोकिएको सम्पन्न हुने मिति भन्दा अगावै आयोजना सम्पन्न गर्ने ठेकेदारलाई नियमानुसार पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

३. भौतिक संरचनाहरुको मर्मत संभारका लागि मर्मत संभार कोषको निर्माण गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

४. सार्वजनिक जग्गा पहिचान, संरक्षण र उपयोग गर्ने तथा वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय तथा अन्य सरकारी संरचना निर्माणका लागि जग्गा प्रदान गर्ने दाताहरुको अभिलेख व्यवस्थित गरी दाताहरुलाई सम्मान गर्ने व्यवस्था मिलाईने छ।

५. माडी गाउँपालिकाको कतिपय वस्तिहरुमा सञ्चार सुविधामा कठीनाई भएको हुँदा टेलिफोन टावरको व्यवस्थाका लागि सम्बन्धित निकायसंग समन्वयको लागि पहल गरिने छ ।

६. आगामी आ.वमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको साझेदारीमा यस गाउँपालिकाको मूख्य सडकको रुपमा रहेको घर्तीगाउँ घुम्ति देखि जगरबोट पेदिखोला झिनुवा त्रिवेणी जोड्ने स्तरोन्नती तथा कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

७. सडक पूर्वाधारको विकास तथा विस्तार र सञ्जालीकरण गरी अर्थतन्त्रमा उत्पादन क्षेत्रको लागत घटाउने र उत्पादित वस्तुको बजारीकरण गर्न कृषि सडक, पहुँच मार्ग, अन्तर स्थानीय तह सीमाक्षेत्र सडक लगायतका स्थानीय तहस्तरीय सडक सञ्जालको विकास र विस्तार गरिने छ ।

८. माडी गाउँपालिकाका विभिन्न आयोजनाहरुको सम्भाव्यता अध्ययन विस्तृत परियोजना प्रतिवेदन तयार गरी संघ र प्रदेशमा पठाउन योजना बैंक निर्माण गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

९. सडक सुरक्षालाई मध्यनजर गर्दै सडक पूर्वाधारको निर्माण, मर्मत सम्भार एवं स्तरोन्नती गर्ने र विकट वस्तीका समुदायहरु लाभांन्वित हुनेगरी मूख्य पैदलमार्गमा झोलुङ्गे पुलहरुको निर्माण तथा मर्मत गरिने छ ।

१०. पालिकाभित्रको समग्र जलस्रोतको अध्ययनका साथै सिंचाई योजना, भूमिगत सिंचाई योजना, लिफ्ट सिंचाई योजना, जलाशय निर्माण तथा पोखरी संरक्षण र निर्माण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

११. दिनानुदिन बजारीकरण भईरहेको घर्तिगाउँ बजारलाई व्यवस्थित बनाउन घर नक्सा पास कार्यविधि र सडक गुरु योजना बमोजिम पालिकाका मूख्य बजार क्षेत्रलाई व्यवस्थित बनाईने छ ।

१२. हालको परिप्रेक्ष्यमा नयाँ सडक खन्ने कार्य धेरै जसो सम्पन्न भई सकेको अवस्थामा नयाँ भन्दा सडक स्तर उन्नती तर्फ जोड दिईने छ ।

१३. पालिका स्तरीय खेलमैदान निर्माणका लागि आवश्क जग्गाको पहिचान, डि.पि.आर गरी नर्माणको आधार तयार गरिने कार्यलाई निरन्तरता दिईने छ।

१४. गाउँपालिकाबाट संचालन हुने योजनाहरुको पुर्व लागत अनुमान तयार गरी सोहीको आधारमा बजेट विनियोजन गरिने नीतिलाई निरन्तरता दिईने छ ।

१५. आवास विहिनहरुको घर बनाई आवासयुक्त पालिका बनाइनुका साथै आगामी आ.व मा सुरक्षित नागरिक आवास कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी ढंगले सञ्चालन गरिने छ।

**योजना तथा अनुगमन तर्फः**

१. उपभोक्ता समितिको क्षमता अभिवृद्धिका लागि योजना सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अभिमुखीकरण तालिम तालिमको व्यवस्था गरिनेछ ।

२. जनश्रमदान गर्न नसकिने निर्माण योजनाहरुमा ठेक्का मार्फत कार्य गराउने र उपभोक्ता समिति मार्फत गर्नुपर्ने योजनाहरुलाई योजनाको प्रकृति अनुसार दश देखि वीस प्रतिशतसम्म जनश्रमदान गर्ने व्यवस्थालाई निरन्तरता दिईने छ ।

३. दिगो विकास लक्ष्यका सूचकहरुलाई प्राथामिकतामा राखी योजना तथा कार्यकमहरु बनाउने नीतिलाई निरन्तरता दिईने छ ।

४. गाउँपालिका र प्रत्येक वडामा रहेका मान्यता प्राप्त विभिन्न संघ संस्थाहरुसँग वजेट साझेदारी गरी साना तथा आधारभूत योजनाहरु सम्पन्न गर्ने नीति लिईनेछ ।

५. योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाईने छ ।

६. बस्ती स्तरबाट माग भएका रोजगारी सिर्जना हुनसक्ने वातावरणमा सकेसम्म कम असर पर्ने र स्थानीय सहभागीता जुट्न सक्ने बढी जनसंख्या लाभान्वित हुने तथा क्रमागत योजनाहरुको कार्यान्वयनमा प्राथमिकता दिने नीतिलाई निरन्तरता दिईने छ ।

**वन वातावरण तथा विपद व्यवस्थापन तर्फ :**

१. पूर्वाधार विकासका क्रियाकलापहरु सञ्चालन गर्दा विपद् जोखिम संवेदनशीलतालाई ध्यानमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाईन र ईष्टिमेट गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

२. गाउँपालिका अन्तर्गतका सामुदायिक वन उपभोक्ता समुहलाई व्यवस्थित गर्न तथा वन संरक्षण र सदुपयोगलाई प्रभावकारी र पारदर्शी बनाउने नीति लिईने छ ।

३. जोखिमयुक्त वस्तीको पहिचान, स्थानान्तरण र विपद् प्रभावित क्षेत्रहरुको पुनः निर्माण लगायतका कार्यलाई प्रभावकारी ढंगले सञ्चालन गर्न संघीय सरकार र प्रदेश सरकारसंग समन्वय गरिने छ ।विपद्को समयमा खोज, उद्धार तथा राहतका लागि विपद् व्यवस्थापन संयन्त्रको चुस्तता र सामाग्रीको सुनिश्चितता गरिने छ ।

४. कुनै पनि सामुदायिक वनजंगलको काठ कटानी गरी विक्री गर्दा सम्बन्धित वन उपभोक्ता समितिले सम्बन्धित वडा पालिकाबाट अनुमति ल्याउने व्यवस्थालाई निरन्तरता दिईने छ।

५. विपद् व्यवस्थापनका लागि अन्य पालिका, जिल्ला प्रशासन कार्यालय र सम्बन्धित सरकारी तथा गैर सरकारी संस्थाहरुसँग आवश्यक सहयोग र समन्वय गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

६. रेडक्रससंग समन्वय गरी गाउँ प्रहरीलाई विपद् व्यवस्थापन सम्बन्धी तालिम दिइने छ ।

७. जलवायु परिवर्तनको असरलाई न्यूनिकारण गर्न वातावरणमैत्री अवधारणाको अवलम्बन, कार्यान्वयन गरी वृक्षारोपण रिचार्ज पोखरी निर्माण गरी हरित विकासको अवधारणालाई अनुसरण गरिने छ ।वृक्षारोपण र वातावरण संरक्षणका अन्य उपाय अवलम्बन गर्ने व्यक्ति तथा संस्थाहरुलाई पुरस्कृत गरिने छ ।

८. पालिकामा व्यवस्थित डम्पिङ साईट निर्माणका लागि आवश्यक पहल गरिने छ । साथैं कुहिने नकुहिने फोहोरहरु धातुजन्य, प्लाष्टिकजन्य फोहोर छुट्याई पुनः प्रयोग गर्ने पुनः प्रयोग हुन नसक्ने फोहोरलाई डम्पिङ साईटमा विसर्जन गर्ने व्यवस्था मिलाईने छ ।

९. टोल सुधार समिति र वडा समितिहरुसंग समन्वय र सहकार्य गरी घर, समुदाय र बजार क्षेत्रको फोहोरको उचित व्यवस्थापन गरिने छ ।

**सुशासन तथा संस्थागत विकास तर्फः**

१. सार्वजनिक स्रोत तथा साधनको कुशलतापूर्वक उपयोगका लागि आर्थिक अनुशासन, खर्चमा मितव्ययिता र सुशासन प्रवर्द्धनमा विशेष जोड दिईने छ । सेवा प्रवाहमा प्रभावकारीता ल्याउन तथा सुशासन प्रवर्द्धनका लागि उजुरी पेटीका, सोधपुछ तथा सहायता कक्ष, घुम्ति सेवा, सार्वजनिक सुनुवाई सामाजिक परीक्षण जस्ता सुशासनका औजारहरुको उपयोग हुने कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्थालाई निरन्तरता दिईने छ।

२. गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण O&M गरी छरिता एवं चुस्त संगठन संरचना मार्फत प्रशासनीक कामकारवाही सम्पादन गर्ने वातावरण मिलाइनेछ। साथै अनुमगन तथा मुल्याङ्कन कार्यलाइ वैज्ञानिक र प्रभावकारी बनाइनेछ ।

३. जनप्रतिनिधिहरु र कर्मचारीको क्षमता अभिवृद्धि गरी सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउनुका साथै संगठन, जनप्रतिनिधि र कर्मचारीको व्यवसायिकताका लागि कार्यबोझ तथा कार्य प्रकृतिका अधारमा प्रोत्साहन भत्ता, प्रवर्द्धन, र पुरस्कारका साथै तालिमको पनि व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिईने छ।

४. स्थानीय तहको आन्तरिक आयलाई अभिवृद्धि गर्न स्थानीय सरकारको राजश्व अधिकार क्षेत्रभित्र पर्ने स्रोतहरुको पहिचान गरी राजश्वको दायरालाई विस्तार गरिने छ ।साथै पालिका र वडाबाट संकलन गरिने राजश्वलाई पूर्ण रुपमा कम्प्यूटरीकृत गरिने छ ।

५. गाउँपालिकाको प्रथम आवधिक योजनाको अवधि चालू आ.व मा समाप्त भएकोले आगामी आ.व मा गाउँपालिकाको दोस्रो पञ्चवर्षिय योजना तर्जुमा गरिने छ ।सोही योजनासंग तादाम्यता हुनेगरी बजेट, मध्यमकालीन खर्च संरचना र नीति तथा कार्यक्रम समेत निर्माण गरिने छ ।

६. गुनासो व्यवस्थापन गर्नको लागि गुनासो सुनिश्चित संस्थाको विकास गरिनेछ । साथै कार्य सम्पादन गर्दा आइपर्ने समस्याहरुलाई सम्बोधन गर्नका लागि आवश्यकता अनुसार मौखिक वा लिखित तवरबाट गुनासो सुन्ने र अभिलेख राख्ने व्यवस्था मिलाइनेछ ।

७. स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन, वित्तीय सुशासन जोखिम मूल्यांकनमा राम्रो नतिजा ल्याउने कार्यक्रमहरु सञ्चालन गरिने छ ।

८. गाउँपालिकाबाट प्रवाह गरिने सेवा र गरिने विकास एवं शासनका विविध गतिविधिहरुलाई सूचना प्रविधिमैत्री बनाई पारदर्शीता मार्फत सुशासन कायम गर्न गाउँपालिकाको डिजिटल प्रोफाईल, डिजिटल नागरिक वडापत्र, स्मार्ट कृषि प्रोफाईल लगायतका प्रविधि र उपकरणहरुको निर्माण तथा व्यवस्था गरिने छ ।

९. नेपाल सरकारले तोकेका प्रत्येक नागरिकले पाउने सामाजिक सुरक्षा भत्ता पाउने सबै लाभग्राहीको अभिलेख प्रणालीमा व्यवस्थित गरने छ । साथै सामाजिक सुरक्षा कार्यक्रमलाई थप पारदर्शी, व्यवस्थित र दोहोरो दर्ता लाई निरुत्साहित गर्न अनिवार्य राष्ट्रिय परिचयपत्र र वायोमेट्रिक्स प्रणालीबाट लाभग्राहीहरुको दर्ता तथा नविकरण गर्ने व्यवस्था गरिने छ ।यसका लागि वडा सचिव तथा प्राविधिकहरुलाई तालिमको व्यवस्था गरिने छ ।

१०. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीहरुलाई सुचिकृतका लागि सहज वातावरण तयार गरिने र भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुको परिचयपत्र नविकरण गर्नका लागि व्यापक पहल तथा जानकारी गरिने छ ।

११. व्यक्तिगत घटना दर्ता लाइ सत प्रतिसत गर्न जनचेतना मुलक कार्यक्रम, रेडीयो लगायतका माध्यमबाट प्रसारण गर्नुका साथै सो सम्वन्धी ब्रोसर तथा फलेक्स व्यानर वडा कार्यालय तथा अन्य कार्यालयहरुमा टास गर्ने व्यवस्था मिलाईने छ ।

१२. गाउँपालिकामा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सुदृढकारण आयोजना अन्तर्गत पन्जिकरण विभाग र माडी गाउपालिका रोल्पाको स्रोत साझेदारी प्रतिवद्दता अनुसार एम आइ एस अपरेटर र फिल्ड सहायक को ६ महिना बराबरको पारिश्रमिक को व्यवस्था गाउँपालिकाले गर्ने प्रतिवद्धता लाई निरन्तर कार्यान्वयन गरिनेछ ।

१३. आफ्नो क्षेत्राधिकारको अधिकतम प्रयोग गरी ऐन, नियम, नियमावली, निर्देशिका र कार्यविधिहरु निर्माण गरी तत्कालै स्थानीय राजपत्रमा प्रकाशनमा ल्याइने छ ।

१४. कानुनको शासनलाई अभ्यासमा ल्याउन सरोकारवालाहरुको सहभागीतामा ऐन, नियम, नियमावली, निर्देशिका र कार्यविधिहरुको मस्यौदालाई गाउँसभाद्धारा पास गरी स्थानीय राजपत्रमा प्रकाशन गरीने छ ।

१५. स्थानीय तहले बनाएका सम्पुर्ण कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी कानुन बमोजिम संघ र प्रदेशको कानुन मन्त्रायमा पठाइने छ भने आवश्यकता अनुसार माग भएमा सम्वन्धित कार्यालयहरु र व्यक्तिहरुलाई समेत निशुल्क रुपमा उपलब्ध गराइने छ ।

१६. पालिकाको आवश्यकता अनुसार ऐन कानुनहरु बनाइने छ भने पुरानालाई कानुन बमोजिम संशोधन समेत गर्न सकिने छ ।

**खानेपानी, सरसफाइ तथा स्वच्छता तर्फः**

- एक घर एक धाराको नीतिलाई निरन्तरता दिइने छ ।
- सबै वडामा पूर्ण सरसफाइ कृयाकलापको लागि बजेट विनियोजन गरिने छ ।
- खानेपानी,सरसफाइ उपभोक्ता समिति तथा संजाल पदाधिकारीहरुसँग तालिम,अभिमुखिकरण,गोष्ठी संचालन गरिने छ ।
- विद्यालयमा WASH अन्तर्गत बाल क्लव गठन,पुनर गठन तथा अभिमुखिकरणका कार्यक्रमहरु संचालन गरिने छ ।
- टोल विकास संस्था,आमा समूह, महिला स्वास्थ्य स्वयम सेविका, सरसफाइ टोल समूह,वन, क्लव, विभिन्न संघसंस्था तथा सञ्जालआदि निकायहरुलाई पूर्ण सरसफाइका विषय सूचक सम्बन्धी कक्षा संचालन गरिने छ ।
- गाउँपालिका मुख्य बजार क्षेत्रमा फोहोर व्यवस्थापनका लागि बजार सरसफाइ समितिहरुलाई अभिमुखिकरण गरिने छ ।
- गाउँपालिका सबै खानेपानी योजनाहरुको गुणस्तर जात (कोलिफर्म टेष्ट) गरिने छ ।
- सुधारिएको चुलो प्रबर्धन तथा भकारो, खोर, गोठ सुधार सम्बन्धी कार्यक्रम संचालन गरिने छ
- पालिका अन्तर्गत मुख्य बजार क्षेत्रको फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ साइडको व्यवस्था गरिने छ ।
- बजार तथा टोलवस्तीमा फोहोरको उचित व्यवस्थापन सम्बन्धी तालिम,अभिमुखिकरण तथा प्रचारप्रसार सामाग्री वितरण गरिने छ ।
- विभिन्न शाखा तथा सरोकारवाला निकायहरुसँग WASH कार्यक्रम सम्बन्धी अभिमुखिकरण,गोष्टी सञ्चालन गरिने छ ।
- बजार तथा गाउँ,टोल वस्तीहरुमा फोहोरको उचित व्यवस्थापनका लागि आवश्यक सामाग्री र पूर्ण सरसफाइका सन्देशमुलक सूचकहरु वितरण गरिने छ ।
- आनीवानी तथा व्यवहार परिवर्तनका लागि सन्देशमुलक सूचनाहरु स्थानिय मेडिया मार्फत सम्प्रेशन गर्नलाई निरन्तरता दिइने छ ।
- माडी गाउँपालिकाको रणनीतिक योजना अनुसार पूर्ण सरसफुइ अभियान तथा नमूना वडा तथा टोलहरुमा उन्मुख घोषणा गरिने छ ।
- फोहोरको वर्गीकरणका लागि सम्बन्धित निकायलाई आवश्यक पहल गरिने छ ।
- कार्यक्रमको मासिक प्रगतिप्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गरिने छ ।
- WASH कार्यक्रम अन्तर्गत भएगरेका सबै कृयाकलापहरुको अर्धवार्षिक  तथा वार्षिक समीक्षा गरिने छ ।
- WASH कार्यक्रमको अनुगमन,मुल्यांकनतथा जवाफदेहितालाईनिरन्तरता दिइने छ ।

**महिला बालबालिका तर्फ :**

१. महिलाको आर्थिक तथा सामाजिक शसक्तिकरणका लागि सीप विकास तथा व्यक्तित्व विकासका कार्यक्रमहरु संचालन गर्ने ।यसका लागि उपाध्यक्ष संग महिला कार्यक्रमलाई निरन्तर सञ्चालन गरिने छ ।

२. स्थानीय व्यवसायी महिलाद्धारा उत्पादित व्यवसायिक उत्पादनलाई राष्ट्रिय स्तरको वजारमा पहिचान गराई विगतमा संचालित ग्रामीण व्यवसायको निरन्तरता दिईने छ ।

३. लैङ्गिक तथा घरेलु हिंसा ,यौन शोसण लगायत जोखिममा परेका एकल महिला ,यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुलाई दृष्टिगत गरी अवसर र हित प्रवर्द्धन सम्वन्धि विशेष कार्यक्रम संचालन गरिनेछ ।

४. महिला तथा किशोर किशोरी माथि हुने सवै प्रकारका विभेद (सामाजिक,लैङ्गिक,यौनिक,धार्मिक,शैक्षिक ) जस्ता विभेदहरुलाई निषेध तथा निरुत्साहित गर्न समविकासका आवश्यक कार्यक्रम संचालनमा ल्याईने छ।त्यसका लागि **किशोरकिशोरी तथा आमा समूहसंग उपाध्यक्ष कार्यक्रमलाई** निरन्तरता दिईने छ ।

५. हिंसा पीडित तथा प्रभावित महिला ,बालबालिका ,किशोरी ,यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुका लागि तत्काल उद्धार ,निशुल्क कानूनी सहायता मनोसामाजिक परामर्श र सीपमूलक कार्यक्रम गर्नका लागि महिला उद्धार तथा सहायता कोष स्थापना गरिने छ।

६. वडा स्तरीय महिला संजालको क्षमता अभिवृद्धि गर्ने र टोल स्तरमा महिला संजाल गठन गरी अभिमुखिकरण कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।

७. राजनीतिक ,आर्थिक र सार्वजनिक जीवनको निर्णय —निर्माणका सबै तहहरुको नेतृत्वमा महिलाहरुको पूर्ण तथा प्रभावकारी सहभागिता र समान अवसरको सुनिश्चितता गरिनेछ ।

८. बालश्रमिक तथा बालश्रम उन्मुलन कार्यक्रमहरुको तर्जुमा तथा बालश्रममा आश्रित परिवारका लागि पनि कार्यक्रमबाट सम्बोधन गरी बालश्रम उन्मुलन गरिने छ ।

९. बालअधिकार समिति गठन कार्यविधि र बाल समूह गठन सहजिकारण निर्देशिका निर्माण गरी लागू गरिने छ ।

१०. बालविवाह ,कम उमेरमा विवाह ,जबर्जस्ती विवाह तथा  लागु औषध दुर्व्यसनी जस्ता घातक ⁄हानिकारक व्यवहारको अन्त्य गर्न आवश्यक कार्यक्रमलाई निरन्तरता दिईने छ ।

११. अपांगता भएका व्यक्तिका लागि आय — आर्जन गर्ने कार्यक्रम तर्जुमा गरी उनीहरुलाई आत्मनिर्भर बनाउन पहल गरिने छ ।साथै त्यस्ता व्यक्तिप्रति गरिने विभिन्न प्रकारको अन्धविश्वास,विभेद र सबै प्रकारका हिंसा नियन्त्रण र निराकरण गर्ने कार्यक्रम संचालन गरिने छ ।

१२. सार्वजनिक भवन तथा पूर्वाधार निर्माण गर्दा महिला, अपाङ्गता भएका व्यक्ति तथा बालमैत्री बनाइनेछ ।

१३. समाजका अग्रज सम्मानित ज्येष्ठ नागरिकको भूमिका ,योगदान ,अन्तपुस्ता ज्ञान अनुभव र सीप हस्तान्तरणलाई उच्च महत्व दिई आर्थिक सामाजिक रुपान्तरण र विकासमा उपयोग गरिने छ ।

१४. ज्येष्ठ नागरिकहरुलाई नीति निर्माणमा सहभागिता र स्रोत साधनमा पहुँच बढाई अपनत्व वृद्धि गरिनेछ साथै ज्येष्ठ नागरिकले समाज र राष्ट्रको लागि पुर्याएको योगदानको आधारमा सम्मान र आदर गरिने छ ।

१५. ज्येष्ठ नागरिकप्रति हुनसक्ने विभिन्न प्रकारका हिंसा तथा दुर्व्यवहार नियन्त्रणका लागि अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

१६. जातीय भेदभाव तथा छुवाछुत मुक्त वडा घोषणालाई निरन्तरता दिईनेछ र आ.व.२०८१/०८२ भित्र जातीय भेदभाव तथा छुवाछुत मुक्त गाउँपालिका घोषणा गरीने छ ।

१७. समाजमा रहेका मान्यता प्राप्त विभिन्न संघ संस्थाहरुलाई तालिम तथा चेतना अभिवृद्धि गरी सामाजिक अभियानमा संलग्न हुनको लागि प्रोत्साहित गरिनेछ ।

१८. द्वन्द्ध पीडित, शहिद परिवार, घाइते अपाङ्ग र विपन्न परिवारहरुको स्वास्थ्य वीमाको व्यवस्था गर्न कार्यविधि बनाई कार्यक्रम संचालन गरिने छ ।

१९. महिला, दलित, जनजाती र फरक क्षमता भएका व्यक्तिहरुलाई सीपमुलक नेतृत्व विकास र आय आर्जनमुलक तालिम प्रदान गरी आत्म निर्भर बनाइने छ ।

२०. क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी बजेट तथा सामाजिक समावेशी बजेट निर्माण एंव परीक्षण गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।

२१. महिला तथा बञ्चितीकरणमा परेका समूहहरुको व्यवहारिक र रणनीतिक आवश्यकता पाहिचान र परिपूर्ति गर्ने विषयमा दीगो विकासका लक्ष्यहरु मध्ये लक्ष्य नं.५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुरुप बजेट विनियोजन गरिनेछ

२२. अपाङ्ग परिचय पत्र वितरण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसीय कार्यक्रम पालिका स्तरीय महिला संजाल संचालन कार्यक्रमलाई निरन्तरता दिईने छ ।

२३. संयुक्त राष्ट्र संघ सुरक्षा परिषदको प्रस्ताव नं. १३२५ र १८२० कार्यान्वयन गर्न कार्यविधि बनाई कार्यक्रम संचालन गर्न आवश्यक वजेटको व्यवस्था गरिने छ ।

**गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम तर्फ :**

१. उद्यम विकास तथा रोजगार सृजना सम्बन्धी दिगो विकासको रणनितिक योजना तयार गरी कार्यान्वयन गरिने छ।
२. गरिबी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम मार्फत उद्यमशिलता विकास ,वित्तिय पहँचमा वृद्धि र उत्पादित वस्तु तथा सेवाको बजारीकणमा सहयोग गरी आर्थिक तथा प्राविधिक रुपमा वृद्धि भई जिविकोपार्जनमा टेवा पुर्याउने कार्यलाई निरन्तरता दिईने छ।
३. स्थानिय स्तरमा उत्पादित वस्तु तथा सेवाहरुलाई स्थानिय , प्रदेश तथा संघिय बजारमा पहिचान गराई बजारको माग, श्रोत साधनको उपलब्धता, र जनचाहानामा आधारित उद्यमहरुको स्थापना र विगतमा संचालित उद्यमीहरुको स्तरोन्नती वा निरन्तरता दिइनेछ।
४. स्थानी तह मार्फत नयाँ उद्यमी सृजनाको लागी तथा विगत ३ बर्ष वा सो भन्दा पहिला व्यवसाय गदै आयका सञ्चालित लघु उद्यमीको लागी प्राविधिक सिप विकास तालीम वा आवश्यकता अनुसार उपयूक्त प्रविधि हस्तान्तरण गरिने छ।
५. यस पालिकामा आर्थिक तथा सामाजिक रुपमा उत्पीडनमा पारिएका समुदाय जस्तै दलित महिला, जनजाती, आर्थिक हिसाबले विपन्न, किसान, मजदुर र वेरोजगार व्यक्तिहरुलाई रोजगार सृजना गराई सो लघु उद्यमको प्रवर्द्धन गरिनेछ। ६.माडी गा.पा भित्रका लघु उद्यम विकास क्षेत्रको पहिचान गरिनेछ।
७. उद्योग क्षेत्रमा आवश्यक जनशक्तिको दिगो विकास र क्षमता अभिवृद्धि गरिनेछ।
८. सीप विकास तालिम सञ्चालन गर्दा सुचिकृत बेरोजगार व्यक्तीहरुलाई पनि विशेष प्राथामिकता दिईने छ

**सहकारी तथा गरिवी निवारण**

१. नेपाल सरकारको तिन खम्बे अर्थ नितिअनुसार यस माडी गाउँपालिकाले एक वडा एक सहकारीको निति अलवन गरी सहकारी संस्था क्रियाशिल नभएको वडामा सहकारी संस्था गठन गर्ने व्यवस्था मिलाइने छ
२. गाउँ गाउँमा उत्पादन भएको कृषि उपहरुलाई सहकारी मार्फत खरिद गरि वजारिकरण गर्ने व्यवस्था मिलाईने छ ।
३. सहकारीलाई विश्वसनिय पारदर्शी र मर्यादीत रुपले सदस्यहरुलाई सेवा प्रवाह गर्न सहकारीहरुको क्षमता विकास गरि नमूनाको रुपमा कुनै २ सहकारी संस्थामा डिजितल प्रविधिको प्रयोग गरि सेवा प्रवाह गर्न अनुदानको व्यवस्था मिलाईने छ ।
४. सहकारी मार्फत एक गाउँ एक उत्पादन एक घर एक उद्योम संचालन गरि गरिवी निवारण गर्न कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईने छ ।
५. सहकारी संस्थाका सदस्यहरुलाई वित्तिय साक्षरता संचालन गरि सहकारीको माध्यमबाट छरिएर रहको पुजी संकलन गरी उत्पादनशिल क्षेत्रमा लगानी गर्ने व्यवस्था मिलाईने छ ।
६. कृषक तथा उद्योमिहरुलाई व्यवसायी संचालन गर्न सहकारी मार्फत सहुलेत ऋण प्रदान गर्ने व्यवस्था मिलाईने छ ।
७. सहकारी मार्फत कृषि हात बजार तथा सहुलिएत पसल संचालन गर्न अनुदानको व्यवस्था मिलाईने छ ।
८. गरिव घर परिवार पहिचान गरि उनिहरुको लागि विषेश कार्यक्रम संचालन गरिने छ ।
९. पालिकामा संचालित सबै खाले सहकारी संस्थाहरुलाई अनिवार्यरुपमा कोपोमिसमा आवद्ध गर्ने व्यवस्था मिलाईने छ ।

१०. गरिविनिवार कोष मार्फत प्रवर्द्धित सामूदायिक संस्थाहरुलाई व्यवस्थित गर्नको लागि सहकारीमा रुपनतरण गर्न प्रोत्साहन गरिने छ ।

**प्रधानमन्त्री रोजगार तर्फ :**

१. आ.व. २०८१/२०८२ को लागि न्यूनतम रोजगारीको प्रत्याभूतको लागि रोजगार सेवा केन्द्रमा सुचीकृत भएका बेरोजगार ब्यक्तिहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम तथा युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना अन्तर्गत प्राथमिकिकरणको आधारमा न्यूनतम रोजगारी उलब्ध गराउन रोजगारी सृजनामा संलग्न गराइने छ ।

२. एकीकृत श्रम तथा रोजगार सेवा सञ्चालन गरिने छ ।

३. प्रधानमन्त्री रोजगार कार्यक्रम बाहेक गाउँपालिकाबाट पनि बेरोजगार ब्यक्तिहरुलाई न्यूनतम रोजगारी उपलब्ध गराउन श्रममुलक आयोजनाहरु मार्फत रोजगारी सृजना गरिने छ ।

४. गाउँपालिका वडापालिका निजी क्षेत्र र अन्य गैरसरकारी निकाय मार्फत कार्यान्वियन हुने श्रममुलक आयोजनाहरुमा श्रमिकहरु खटाउदा सम्बन्धित निकायहरुसंग समन्वय गरी आयोजना पायक पर्न बस्तीबाट सुचीकृत भएका बेरोजगार ब्यक्तिहरुलाई खटाउन पहिलो प्राथमिकता दिइने छ ।

५. यस गाउँपालिकामा रोजगारदाता र अन्य साझेदारीहरुको तथ्याङ्क संकलन गरी पहिचान र नकसाङ्कन गरिने छ ।

६. आयोजनाहरुको छनौट गर्दा उत्पादनमुलक रोजगारी सृजना हुने खालका आयोजनाहरु छनौट गरिने छ ।

७. रोजगारमा संलग्न भएका सुचिकृत बेरोजगार ब्यक्तिहरुलाई दक्ष एवं सक्षम जनशक्ति बनाउन कार्यस्थलमा आधारित सीपमुलक तालिमहरु सञ्चालन गरिने छ ।

८. न्युनतम एक सय दिन रोजगार प्राप्त गरेका वाहेक अन्य सुचीकृत ब्यक्तिहरुलाई दक्ष एवं सक्षम जनशक्ति बनाई रोजगार वा स्वरोजगारमा संलग्न गराउन आवश्यकतामा आधारित सीपमुलक तालिम संचालन गरिने छ ।

९. वैदेशिक रोजगारबाट फर्केका ब्यक्तिहरुले प्राप्त गरेका सीप अनुभव ज्ञान पुँजी तथा प्रविधि उपयोग गरी उनीहरुलाई रोजगार तथा स्वरोजगार बनाउन पुनःएकीकरण कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।

१०. वैदेशिक रोजगार सम्बन्धी सम्बन्धित निकायबाट जारी भएका महत्वपूर्ण सूचनाहरु रोजगार सेवाकेन्द्र मार्फत सम्प्रेषण गरिने छ ।

११. वैदेशिक रोजगार वोर्डले वैदेशिक रोजगारीको लागि प्रदान गर्ने श्रम स्वीकृति र पुनःश्रम स्वीकृति सम्बन्धि कामको लागि आवश्यक सहजीकरण गरिने छ ।

१२. वैदेशिक रोजगारवोर्डको सचिवालयबाट प्रदान गरिने कल्याणकारी सेवाका लागि पुर्याउनुपर्ने सम्पुर्ण प्रकृयाको लागि सहजीकरण गरी सम्बन्धित वैदेशिक रोजगारमा संलग्न ब्यक्ति एवं परिवारको सदस्यहरुलाई सेवा प्रदान गरिनेछ ।

१३. वैदेशिक रोजगारमा संलग्न भएका ब्यक्तिहरुको विवरण तयार गरी अध्यावधिक गरिने छ ।

१४. विद्यमान बेरोजगार समस्यालाई हल गर्न आन्तरिक उत्पादनमूलक रोजगारी सृजना गरीप्रभावकारी रोजगार वा स्वरोजगार सेवा सुनिश्चत गर्न आवश्यक ५ वर्षे रोजगार रणनीति तयार गरिने छ ।

१५. सुचिकृत बेरोजगार श्रमशक्तिलाई रोजगार प्रदान गर्न श्रम सहकारी सीप कला र क्षमता विकास गर्न "श्रम सहकारी कार्यविधि" बनाई तत्काल कार्यान्वयन गरिने छ ।

१६. सामाजिक सुरक्षा कोषले वैदेशिक रोजगारमा संलग्न ब्यक्ति, औपचारिक वा अनौपचारिक क्षेत्रमा काम गर्ने ब्यक्तिहरु र सो ब्यक्तिका परिवारका सदस्यलाईको लागि संचालन गर्न योजनामा संलग्न हुने प्रकृयाको वारेमा अभिमुखीकरण कार्यक्रम संचालन गरिने छ ।

१७. वैदेशिक रोजगार सुरक्षित र मर्यादित बनाउन सुरक्षित आप्रवासन कार्यक्रम (सामी) लागत साझेदारीमा अगाडी बढाइने छ ।

१८. लघुउद्यम विकास कार्यक्रमसंग समन्वय गरी सो कार्यक्रमले संचालन गर्ने सीपमुलक तालिममा सुचीकृत बेरोजगार ब्यक्तिलाई सहभागी गराई रोजगार एवं स्वरोजगारद्वारा आत्मनिर्भर गराइने छ ।

**बहुक्षेत्रीय पोषण तर्फ :**

- नेपाल जनसांङ्खियक सर्भेक्षण २०१६ अनुसार यस प्रदेशमा ५ बर्ष मुनिका बालबालिकाहरु मध्ये ३९ प्रतिशतमा पुड्कोपन, ८ प्रतिशतमा ख्याउटेपन, २७ प्रतिशतमा कम तौल, ६ देखि ५९ महिनाका ५३ प्रतिशत बालबालिकामा रक्तअल्पता र १५ देखि ४९ बर्षका महिलाहरुमा रक्तअल्पता ४४ प्रतिशत रहेको छ । महिला, बालबालिका र किशोरीहरुमा हुने सबै प्रकारको कुपोषणको अवस्था घटाउन यस माडी गाउँपालिकाका ले बहुक्षेत्रीय पोषण कार्यक्रमलाई थप विस्तार गर्नेछ । विपन्न वर्ग तथा सीमान्तकृत समुदायमा विशेष प्याकेजका कार्यक्रम सहित यस माडी गाउँपालिकाका २ वडालाई यसै आर्थिक वर्ष भित्र पोषणमैत्री स्थानीय शासन लागु गर्नेछ ।

- यस माडी गाउँपालिकामा न्यूनपोषण हुनुमा पोषिला विविध प्रकारका खानेकुरामा पहुँच नहनु वा भएको खाद्यबस्तु उचित तरिकाले उपभोग नगर्नु, अशुद्ध खानेपानी तथा न्यून सरसफाईबाट हुने संक्रामक रोगहरू तथा त्यसको समयमै उपचार नहुनु, उपलब्ध स्वास्थ्य सेवाको उपभोग नगर्नु, अधिक कार्यबोझ तथा न्यून चेतनाजस्ता विविध कारणहरू जिम्मेवार छन् ।यस्ता समस्याहरु समाधान गर्न यस गाउँपालिकाले बहुक्षेत्रीय पोषण कार्यक्रमलाई थप विस्तार गर्नेछ ।

- पोषणको दृष्टिकोणले गर्भावस्थादेखी दुई बर्षको अवधि धेरै महत्वपुर्ण हुन्छ । जसलाई सुनौल हजारको दिन भनिन्छ । यो अवधिमा गर्भवति आमा र बच्चा जन्मिएपछि सुत्केरी आमा र बच्चालाई खुवाईने खानेकुरा एवं स्याहार सुसारले बच्चाको समग्र वृद्धि र विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।त्यसैले शिशु तथा वाल्यकालिन पोषणमा स्तनपान, पुरक खाना स्याहार सुसार सम्बन्धि बानीव्यहोरा, सरसफई स्वच्छता खाद्य सुरक्षा संक्रमणको अवस्थामा समुचित उपचार जस्ता विषयहरुलाई एकिकृत रुपमा सम्बोधन हुनेगरी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिने छ ।
- राष्ट्रिय योजना आयोगको नेतृत्व एवम् समन्वयमा स्वास्थ्य, कृषि विकास, पशुपन्छी विकास, खानेपानी तथा सरसफाइ, शिक्षा, महिला, बालबालिका तथा समाज कल्याण रसंघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सहित यस गाउँपालिकामाकार्यान्वियनमा रहेको बहुक्षेत्रीय पोषण कार्यक्रमलाई थप सुदृढीकरण गरिनेछ ।
- नेपालको लागि दिगो विकासको लक्ष्यअनुसार पाँच वर्षमुनिका बालबालिकामा हुने पुड्कोपनकलाई सन् २०३० को अन्त्यमा १५ प्रतिशतमा झार्ने, ख्याउटेपनलाई घटाएर ४ प्रतिशतमा पु¥याउने, रक्तअल्पतालाई १० प्रतिशतमा झार्ने लक्ष्य लिइएको छ भने प्रजन्न उमेरका महिलाहरूमा हुने रक्तअल्पतासम्बन्धी समस्यालाई १० प्रतिशतमा झार्ने लक्ष्य अनुरुप कार्यान्वयनमा रहेको बहुक्षेत्रीय पोषण कार्यक्रमलाई थप बिस्तार गरि यस गाउँपालिकामा कार्यान्वयन गरिनेछ ।

**न्याय व्यवस्थापन तर्फः**

१. समाजमा उत्पन्न भएका र हुन सक्ने संभावित विवादहरुलाई मेलमिलापद्वारा निर्मुल पार्न **गाउँको झगडा गाउँमै हासीखुशी मिलाऔं** अभियान सञ्चालन गरिने छ ।
२. समाजमा पिछडिएका वर्ग, क्षेत्र, लिंग र समुदायको न्यायमा सहज पहुँच पुऱ्याउन समय समयमा सचेतनामुलक कानुनी शिक्षा र आवश्यकता अनुसार कार्यक्रमको समेत आयोजना गरिनुका साथै सोको लागि सम्बन्धित क्षेत्रका विज्ञलाई हायर गरिने छ ।
३. कानुनका ज्ञाताहरुद्धारा न्यायीक समितिका पदाधिकारीहरु, जनप्रतिनिधिहरु, कर्मचारीहरुका साथै सरोकारवालाहरुलाई मागमा आधारित तालिम र तालिम प्राप्तहरुका लागि पुनताजिकीकरण हुने खालको कार्यक्रमको उचित व्यवस्था मिलाइने छ ।
४. सुचीकृत मेलमिलापकर्ताहरुलाई पुर्नताजकी तालिमको दिने कार्यक्रमलाई निरन्तरता दिईने छ ।
५. न्यायीक समितिमा दैनिक कृयाकलाप संचालन गर्दै आएका कानुनी सल्लाहकारलाई निरन्तरता दिइने छ ।
६. असमर्थ पक्षलाई निशुल्क कानुनी सहायता उपलब्ध गराउन कानुनी सल्लाहकारलाई जिम्मेवारी तोकिनेछ ।
७. अदालत, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय लगाएत अन्य सरकारी कार्यालयसम्म न्यायीक पहुँचका लागि सरकारी कार्यायलहरुमा दिनुपर्ने निवेदन तयार गर्न कानुनी सल्लाहकारको सहयोगद्धारा सहजीकरण गरिने छ ।
८. सेवा, सेवाप्रदायक र सेवा प्राप्तीको प्रकृया बारेमा आवश्यक जानकारी उपलब्ध गराइने छ ।
९. सरकारी कार्यालय र नागरिकको बीचमा सहजीकरण गरिने छ ।
१०. स्थानीय न्यायीक समितिलाई चुस्त दुरुस्त बनाउनुको साथै व्यवस्थित इजलाशको निर्माण गरिने छ

**गाउँ सभाका सदस्यज्यूहरु,**
**अन्य उपस्थित महानुभावहरु,**

**विगतको शिक्षा वर्तमानको ईच्छा र भविष्यको प्रतिक्षाको** रुपमा रहने प्रस्तुत नीति तथा कार्यक्रम प्रस्ताव गर्दा सुदृढ अर्थतन्त्र निर्माण गर्ने, स्वस्थ र सक्षम जनशक्ति विकास गर्ने,विकासलाई समावेशी, जनमुखी, नतिजामुखी, सामाजिक न्यायमा आधारित बनाउने, सुशासन कायम गराउने र सम्वृद्ध माडी गाउँपालिकाको दीर्घकालीन सोच प्राप्त गर्ने विषयलाई केन्द्रमा राखिएको छ । समृद्ध माडी निर्माणको यो यात्रामा निजी क्षेत्र, विद्धत वर्ग, सवै क्रियशिल राजनैतिक दलहरु, नागरिक समाज र समग्र माडीवासीमा हार्दिक आभार व्यक्त गर्दै सहकार्य र सद्भावका लागि सवैको सहयोगको अपेक्षा गर्दछु । यस गाउँपालिका गाउँसभाको १५ औं अधिवेशनमा प्रस्तुत हुने नीति, कार्यक्रम र बजेटका सम्बन्धमा महत्वपूर्ण राय सल्लाह उपलब्ध गराउनुहुने सरोकारवाला सम्पूर्णमा धन्यवाद व्यक्त गर्दै यो नीति तथा कार्यक्रम प्रस्ततिलाई यही बिट मार्न अनुमति चाहन्छु । धन्यवाद